# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
चलानी नं.: ४४८२

२०८१/०३/२०
मिति: ..............................

**आन्तरिक आय ठेक्का बन्दोबस्त गर्नका लागि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०३/२१ )

यस कार्यालयबाट आ.व. २०८१/८२ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ को घ (२) तथा दफा ६२ को उपदफा २(ग) तथा नगर कार्यपालिकाको मिति २०८१।०२।२७ को निर्णयानुसार बमोजिम तपसिल बमोजिमको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले योग्य इच्छुक दर्तावाला संस्था तथा व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र नगरपालिकाको राजस्व शाखाबाट शिलबन्दी दरभाउपत्र फारम खरिद गरि सोह्रौ दिन दिनको १२:०० बजेभित्र तोकिएको दस्तुर बुझाई आफूले कबोल गरेको अंक भरी रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र०.स. | ठेक्का नं. | कामको विवरण | न्यूनतम दुई वर्षको कबोल अंक (मु.क.कर बाहेक) | धरौटी रकम न्यूनतम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | रा.९/२०८०/८१ | बनेपा वडा नं. ६ स्थित गोसाईंस्थान पिकनिक स्पट शुल्क संकलन गर्ने | रु.१,५०,०००/- (रु एक लाख पचास हजार मात्र) | ५ % | रु.१,०००/- |

प्रमुख प्रशासकीय अधिकृत

द्रष्टव्य: बोलपत्र सम्बन्धी विस्तृत विवरण यस नगरपालिकाको वेभसाइट www.banepamun.gov.np मा हेर्न सकिने छ ।

# बनेपा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

**गोसाईस्थान पिकनिक स्पट शुल्क संकलन गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१।०३।२०)

यस कार्यालयबाट आ.व. २०८१/८२ का लागि स्थानीय सरकार सञ्चालन ऐन, , २०७४ को दफा ११ उपदफा २ को घ (२) तथा दफा ६२ को उपदफा २ (ग) तथा नगर कार्यपालिकाको मिति २०८१।०२।२७ को निर्णयानुसार यस नगरपालिकाको वडा नं. ६स्थित गोसाईंस्थान पिकनिक स्पट शुल्क सकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का लिन चाहने योग्य इच्छुक दर्तावाला संस्था तथा व्यक्तिले यो सूचना प्रकाशित भएका मितिले सोह्रौं दिन दिनको १२:०० बजेभित्र तोकिएको दस्तुर बुझाई आफूले कबोल गरेको अंक भरी रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरुः**

१. सिलबन्दी दरभाउपत्र बनेपा नगरपालिकाको नेपाल बैंक लि. बनेपा शाखामा रहेको आन्तरिक राजश्व खाता (खाता नं.०१५०३०००००१००१००००००१) मा रु. १,०००।- (एक हजारमात्र) (पछि फिर्ता नहुने) तिरी बनेपा नगर कार्यपालिकाको राजश्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले पन्ध्र दिन सम्म कार्यालय समय सम्ममा सिलबन्दी दरभाउपत्र खरिद गर्न र सोह्रौ दिन दिनको १२:०० बजे भित्रमा बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ ।

३. दर्ता भएका शिलबन्दी दरभाउपत्र फारमहरू यो सूचना प्रथम पटक प्रकाशित मितिले सोह्रौ दिन दिनको १३:०० देखि १५:०० बजे भित्र नियमानुसार यस कार्यालयमा खोलिने छ ।दरभाउपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्र, दर्तावाल संस्था/फर्मका हकमा संस्था/फर्म दर्ता तथा नविकरणको प्रमाण पत्र, मू. अ. क. दर्ता प्रमाण पत्र, स्थायीलेखा नम्बर प्रमाण पत्र र २०७९।०८० सम्मको कर चुक्ता प्रमाण पत्र पेश गरेको हुनुपर्ने छ ।

प्रशासकीय अधिकृत

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र खोल्ने समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि कुनै बाधा पर्ने छैन ।

६. दरभाउपत्रदाताले आफुले कबोल गरेको वार्षिक रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको अंकलाई मान्यता दिइने छ ।

७. दरभाउपत्रदाताले धरौटी वापत कबोल अंकको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि. बनेपा शाखामा रहेको धरौटी खाता नं.०१५०३००००३००००००००१ मा नगद दाखिला गरेको सक्कलै भौचर वा दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सोही रकम वरावरको बैंक जमानत पत्रको सक्कलै प्रति संलग्न गरेको हुनुपर्नेछ ।

८. स्वीकृत दरभाउपत्रदातालाई सम्झौताका लागि दिएको म्याद भित्र उपस्थित भई सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत हुनेछ ।

९. स्वीकृत दरभाउपत्रदाताले राखेको धरौटी सम्झौता अवधि भरका लागि धरौटीकै रुपमा रहने छ ।

१०. स्वीकृत दरभाउपत्रदाताले पिकनिक स्पट शुल्क उठाउनुका साथै चण्डेश्वरी सोह्रसय सिँढीको सरसफाइ तथा गोसाईस्थान पिकनिक स्पट व्यवस्थापनका साथै सरसफाइ गर्नुपर्नेछ ।

११. ठेक्का सम्झौता भई कार्यादेश पाएको मिति देखि ठेक्का लागू भई एक वर्षसम्म कायम रहनेछ ।

१२. ठेक्का बन्दोबस्त भए गरेका कारण प्रचलित कानून बमोजिम तिर्नुबुझाउनु पर्ने कर दस्तुर स्वीकृत बोलपत्रदाताले बुझाउनु पर्नेछ ।

१३. स्वीकृत दरभाउपत्रदाताले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१४. तोकिए बमोजिमको शुल्क उठाउने दायित्व स्वीकृत दरभाउपत्रदाताको नै हुनेछ । त्यसमा यस कार्यालयको कुनै जिम्मेवारी रहने छैन ।

१५. नेपाल सरकारबाट प्राप्त ठेक्का सम्बन्धी निर्देशन तथा समय समयमा यस कार्यालयबाट दिइने निर्देशन पालना गर्नु स्वीकृत दरभाउपत्रदाताको दायित्व हुनेछ ।

१६. ठेक्का संझौताका विषयमा कुनै विवाद भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१७. कुनै पनि दरभाउपत्र विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१८. यो सूचना यस कार्यालयको website www.banepamun.gov.np मा हेर्न सकिने छ ।साथै विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ

१९. अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

## ठेक्का सम्बन्धी विवरण

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम कबोल अंक (मू.अ.क. समेत) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | रा.९ २०८०/०८१ | बनेपा वडा नं. ६ स्थित गोसाईंस्थान पिकनिक स्पट शुल्क संकलन गर्ने | रु. १,५०,०००।- (अक्षरपी एक लाख पचास हजार मात्र) | ५% | |

प्रमुख प्रशासकीय अधिकृत